# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/९/ ६ गते शुक्रवार देखि २०६४/९/१२ गते विहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ७२ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार २९९८ कारोवारबाट ६३ करोड ६७ लाख ९८ हजार रुपैयाँ बराबरका ७ लाख २८ हजार ३ सय १७ कित्ता शेयरहरु खरिदविक्री भएका छन । कारोबार रकम गत साताको तुलनामा १४.८५ प्रतिशतले कम हो । गत साता ३२५९ शेयर कारोवारबाट ७४ करोड ७८ लाख ५८ हजार रुपैयाँ बराबरका ६ लाख ४७ हजार २ सय ९ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र २६ करोड ३६ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ४१.४० प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ६१.१२ अंकले घटेर अन्तिम दिन ९८४.५३ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| विवरण | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अधिकतम | १०७१.६२ | ३५०.१९ | ४२०.५९ | ८१८.१२ | १६२२.६८ | १६५.२० | १०६०.५२ | १०६४.८७ | १८१०.५३ | १०४५.६५ | २७०.१९ |
| न्युनतम | ९६०.६२ | ३५०.१९ | ३९४.९५ | ८१८.१२ | १५६९.८६ | १६५.२० | १०३५.०६ | ९८२.९९ | १६९७.९७ | ९६७.७४ | २४७.९१ |
| अन्तिम | ९७९.७० | ३५०.१९ | ४२०.५९ | ८१८.१२ | १५६९.८६ | १६५.२० | १०३५.०६ | १०६४.८७ | १७२०.७६ | ९८४.५३ | २५३.०३ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स १७.१६ अंकले घटेर २५३.०३ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२४ करोड ३८ लाख रुपैयाँ) का र शेयर संख्या (४ लाख ३४ हजार ) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी अग्रस्थानमा रहेको छ । कारोवार संख्या (४०३) को आधारमा स्वावलम्बन विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेशनल हाइड्रो पावर कम्पनी | २४३.८६ |
| २ | बैंक अफ काठमाण्डु | ४८.२५ |
| ३ | नेपाल बंगलादेश बैंक | ४७.०५ |
| ४ | कुमारी बैंक | ३३.४२ |
| ५ | नविल बैंक लिमिटेड | २८.८६ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि सरकारी तथा संस्थागत ऋणपत्र तर्फ कुनै पनि कारोवार भएन ।

## सूचिकरण

यस साता विराटलक्ष्मी विकास बैंकको ५ करोड रुपैयाँ बराबरको ५ लाख कित्ता शाधारण शेयर सुचिकृत भएको छ ।

## कारोबार समय

स्थापनाकालदेखि दैनिक २ घण्टा कारोबार हुदै आएको नेपाल स्टक एक्सचेञ्जमा यस सातादेखि कारोबार समय बढाइएको छ । पौष ८ देखि लागु गरिएको विस्तारीत समय तालिका अनुसार विहान १२ देखि दिउसो ३ बजेसम्म सेयर कारोबार हुनेछ ।